केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/१९/०७१/७२ मितिः २०७१/१२/०४

"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको नीतिगत व्यवस्था जारी गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

(१)यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को इ.प्रा.निर्देशन नं. १७ को बुँदा नं. ३ मा देहाय बमोजिमको उपबुँदा (थ) थप गरिएको छ ।
*"(थ)जलविद्युत परियोजनाले स्थानीय बासिन्दाहरुका लागि छुट्याएको सेयर खरीद गर्न प्रवाहित प्रति परिवार रु. पचास हजार सम्मको कर्जा ।"*

(२)यस बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७१ को ई.प्रा. निर्देशन नं. १९ अन्तर्गत संलग्न बमोजिमको सरलीकृत ग्राहक पहिचान (Know Your Customer) सम्वन्धी फाराम अनुसूची १९.१ (क) थप गरिएको छ ।

भवदीय,

(रमेशकुमार पोखरेल)
का.मु.कार्यकारी निर्देशक

बोधार्थ :

(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाण्डौ ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(१०) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(११) श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौ ।
(१२) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौ ।
(१३) श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौ ।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

अनुसूची १९.१ (क)

### सरलीकृत ग्राहक पहिचान सम्बन्धी व्यवस्था

*इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकको खाता खोल्दा आफूसँग रहेको कुनै एक वा सबै खातामा समेत गरी वार्षिक ५ लाख वा सो भन्दा कम निक्षेप मौज्दात जम्मा वा कारोवारको घोषणा गर्ने साना बचतकर्ता नेपाली नागरिकको हकमा देहायबमोजिमको विवरण लिई खाता खोलिदिनु पर्नेछ ।*

हालसालै खिचिएको पासपोर्ट साइजको **फोटो** (अनिवार्य)

(१) नाम, थरः ................................................
NAME (*In Capital Letters*)................................
(२) जन्म मिति :............................................
(३) नागरिकता नं.................जारी गर्ने जिल्ला...................... जारी मिति...................

**वा**

परिचयपत्र (खातावालले परिचय गराएको नेपाली नागरिकको लागि मात्र)
परिचयपत्रको किसिम .................................................
परिचयपत्र नं...........................जारी गर्ने निकाय.....................जारी मिति.....................

४. स्थायी ठेगानाः
जिल्ला.............. म./उप म./न.पा./गा.वि.स............... वडा नं.... टोल/गाँउ..........

(५) हालको ठेगानाः
जिल्ला.............. म./उप म./न.पा./गा.वि.स............... वडा नं.... टोल/गाँउ...........

(६) सञ्चार माध्यम (भएमा मात्र) :
टेलिफोन नं.................मोवाइल नं......................................ईमेल..................................

(७) शिक्षा :..........................  (८) बाबुको नामः.......................
(९) बाजेको नामः............................  (१०) पति/पत्नीको नामः............................
(११) संलग्न रहेको पेशा/व्यवसाय/काम (जे छ सोही) : ...............................................
संस्थाको नाम, ठेगाना र पद (भएमा मात्र): .................................................
(१२) अनुमानित वार्षिक आम्दानी/पारिश्रमिक : रु.............................
(१३) अन्य बैक वित्तीय संस्थामा खाता भए नभएको घोषणा : भएको/नभएको
(१४) विगतमा कुनै अपराधमा दण्डित भए नभएको घोषणा : भएको/नभएको

**नोटः**

*१. आफै फाराम भर्न नसक्ने ग्राहकको फाराम भरिदिने व्यवस्था बैंक/वित्तीय संस्थाले गर्नु पर्नेछ ।*
*२. नागरिकता वा प्राप्त कागजातबाट प्राप्त हुने विवरणहरु बैंक/वित्तीय संस्था आफैले फाराममा भरिदिन सक्नेछ ।*
*३. बैंक/वित्तीय संस्थाले यस व्यवस्था अन्तर्गत खोलेका खाताको एकीकृत अभिलेख राख्नु पर्नेछ ।*
*४. बैंक/वित्तीय संस्थाले पाँच लाख वा सो भन्दा बढी निक्षेप वा कारोवार भएमा ऐन निर्देशन बमोजिमका अन्य आवश्यक प्रक्रिया समेत पुरा गर्नु पर्नेछ ।*